# नेपालगन्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**सटर भाडामा दिने सम्वन्धि सूचना ।**

**(दोस्रो पटक प्रकाशित मिति : २०७७/१२/०४गते)**

यस नेपालगन्ज उप–महानगरपालिकाको वडा नं १० गोसाईगाउँमा बनेका नयाँ ९वटा सटरहरु र वडा नं.१७ परसपुर स्थित कृषि बजार एवं संकलन केन्द्रको नयाँ बनेका ६ वटा सटरहरु भाडामा संचालन गर्नको लागि तपसिलका शर्तका अधिनमा रहने गरी वढावढमा भाडामा लिन चाहने ईच्छुक व्यक्ति,कृषक, व्यवसायिक फर्म, संघ संस्थाहरुलाई ७ (सात) दिने शिलबन्दी निवेदन पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ, साथै प्रस्ताव स्वीकृत भएमा यस कार्यालयबाट अनिवार्यरुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिनुपर्नेछ ।

२.प्रस्ताव फारम दस्तुर प्रति सटर रु.५००।-(फिर्ता नहुने गरी) तिरी कार्यालयबाट उपलब्ध हुनेछ ।

३.प्रस्ताव साथ यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग-३-४१३०१००३०३००००२ मा कवोल गरेको न्यूनतम एक महिनाको भाडा वरावरको हुने रकम जम्मा गरी सक्कल भौचर समेत पेश गर्नुपर्नेछ ।

४.न्यूनतम मासिक भाडा निम्न अनुसार हुनेछ :-

**अ) वडा नं. १० गोसाईगाउँ स्थित बनेका नयाँ सटरहरुको प्रतिसटर रु.२,५००।–(अक्षेरुपी दुई हजार पाँच सय ।)**

**आ) वडा नं.१७ परस्पुर स्थित बनेका नयाँ सटरहरुको लागि:**

(क) सटर नम्वर १ र २ लाई प्रतिसटर रु.१,७००।-(अक्षरुपी एक हजार सात सय।)

(ख) सटर नम्वर ३ र ४ लाई प्रतिसटर रु.२,०००।-(अक्षरुपी दुई हजार ।)

(ग) सटर नम्वर ५ र ६ लाई प्रतिसटर रु.१,५००।-(अक्षरुपी एक हजार पाँच सय ।)।

५. सम्झौता अवधि सम्झौता भएको मितिले **५** वर्षको हुनेछ ।

६. सटर भाडा हरेक २/२ वर्षमा १० प्रतिशतले वृद्धि हुनेछ ।

७. सटरको भाडा प्रत्येक महिनाको १ गते अनिवार्य बुझाउनु पर्नेछ । उक्त मितिमा दाखिला नगरेमा प्रति दिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ । एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटी रकमबाट कट्टा गरि असुल उपर गरी कार्यालयबाट सटर खाली गराईनेछ ।

८.प्रस्ताव स्वीकृत भएका व्यक्ति तथा फर्महरुले अरु कसैलाई सटर हस्तान्तरण/नामसारी गर्नु परेमा १ महिनाको अतिरिक्त भाडा प्रथम पक्षलाई बुझाएर मात्र हस्तान्तरण/नामसारी गर्नुपर्नेछ ।

९. सटर खाली गर्ने सम्बन्धमा दुवैपक्षले एक महिना अगावै जानकारी गराउनुपर्नेछ, जानकारी नदिई खाली गर्न/गराउन चाहेमा एक पक्षले अर्को पक्षलाई २ महिना वरावरको भाडा रकम क्षतिपूर्तिवापत दिनुपर्नेछ ।

१०.सम्झौता अवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालना गर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।

११.प्रस्ताव स्वीकृत भैसकेपछि मासिक कवोल अंकको थप २ महिना वरावरको रकम उपमहानगरपालिकाको धरौटी खातामा राख्नुपर्नेछ ।

१२.सटर भाडामा लिने पक्षले जुन अवस्थामा बुझेको हो सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा बुझाउनुपर्नेछ, अन्यथा नोक्सानीको विवरण वमोजिम क्षतिपूर्ति भराई धरौटी रकम फिर्ता दिईनेछ ।

१३.यस कार्यालयमा नियमित व्यवसाय नविकरण, वहाल कर,पानी र विजुलीको विलको रकम भाडावाला स्वयंले बुझाउनु पर्नेछ।

१४.प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिन भित्र यस उप–महानगरपालिकामा व्यवसाय दर्ता गरी धरौटी रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नु पर्नेछ । म्याद भित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटी जफत गरी अन्यका नाममा न्यूनतम भन्दा क्रमश: बढि कबोल अंक भएका प्रस्तावबालाका नाममा स्विकृत भैजानेछ ।

१५. कुनै पनि शर्त राखेको प्रस्ताव स्वीकृत हुने छैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वत: अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको ।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।

ग) प्रस्ताव साथ नियमानुसार राख्नु पर्ने धरौटी नराखेको ।

१७.प्रस्ताव फारम लिने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **सातौं दिन** कार्यालय समय भित्र ।

१६. प्रस्ताव दाखिल गर्नु पर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **आठौं दिन** कार्यालय समयभित्र ।

१७. प्रस्ताव खोलीने मिति र स्थान:- सूचना प्रकाशित भएको मितिले **नवौं दिन** ने.ग.उ.म.न.पा.का. कार्यालयमा समय भित्र।

१८.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२९. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२०. यस सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।